जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १६५ २०८२ साल माघ १६ गते शुक्रबार (30 Jan 2026 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : अपेक्षा र उपेक्षाको बीचमा ... ३ पृष्ठमा : मधेस प्रदेशको बदलिँदो राजनीतिक ... ३ पृष्ठमा : बेलायत-चीन सम्बन्ध ...

# खेतवारीदेखी खेलकुद मैदानसम्म पुग्दै उम्मेदवार









**दैनिक समाचारदाता**
**राजविराज, १५ माघ ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधीसभा निर्वाचनका लागी प्रचार प्रसार सुरु गर्ने मिती फागुन ४ गते देखी १८ गतेसम्म तोकिएको छ । तर उम्मेदवारहरु अहिले देखी नै विभिन्न प्रचार प्रसार गर्ने र मतदाता रिझाउने प्रयासमा जुटेका छन । कुनै एउटा दल नभएर सबै दल यसरी नै प्रचार प्रसारमा व्यस्त छन् ।

उम्मेदवारहरु अहिले सामूहिक बैठकदेखी घरदैलोमा मात्र नभई खेतवारी र खेलकुद प्रतियोगिता भइरहेको खेलमैदान सम्म पुगेर नमस्कार गर्दै मतदाता रिझाउने प्रयासमा लागिपरेका छन् ।

तिलाठी कोइलाडी गाउँपालिकामा सम्पन्न साकेतचन्द्र मिश्र स्मृती अन्तराष्ट्रिय कुश्ती प्रतियोगिता चलिरहेकै बेला विभिन्न दलका उम्मेदवार खेल मैदान मै पुगेर दर्शकहरुलाई नमस्कार गर्दै मतमाग्न भ्याए । प्रतियोगिता हेर्न आएका हजारौ दर्शकलाई देखेर उत्साहित भएका कतिपय उम्मेदवार त आचारसहिता विर्सेर आफ्नो पक्षमा मत मार्दै भाषण नै ठोकेको स्थानीवासी दिनेश मण्डलले सुनाए ।

उनीहरु जस्तै राजविराज १० डुमरीका राम लखन साहले पनि नेताहरु खेतवारी मै आइपुगेको देख्दा अचम्म लागेको बताए । एक उम्मेदवार बारी मै पुगेर मत मात्र मागेनन्, खुट्टा ढोक्दै आर्शिवाद पनि मागे । प्रचार प्रसार सुरु गर्ने मिती अझ दुई साता भन्दा बढी बाँकी छ, तर त्यस अगावै नै विभिन्न पार्टीका नेता/कार्यकर्ता आ-आफ्नो सवारी साधनमा चुनाव चिन्ह अंकित झण्डा फहराउँदै आफ्नो उम्मेदवारको पक्षमा प्रचार प्रसार गर्दै हिडेका छन ।

सप्तरीमा प्रतिनिधी सभाका चार निर्वाचन क्षेत्रमा ४ लाख ४६ हजार ४ सय २ मतदाता छन ।

## आयोगले उजुरीका आधारमा तीन उम्मेदवार र तीन सरकारी निकायसँग माग्यो स्पष्टीकरण

**दैनिक समाचारदाता**
**काठमाडौँ, १४ माघ ।**

निर्वाचन आचारसंहिता २०८२ उल्लङ्घन गरेको भनी निर्वाचन आयोगले तीन उम्मेदवार र तीन सरकारी निकायलाई स्पष्टीकरण सोधेको छ ।

आयोगले सप्तरी निर्वाचन क्षेत्र नं २ का उम्मेदवार डा चन्द्रकान्त राउत (सिके राउत), बाँके निर्वाचन क्षेत्र नं ३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार खगेन्द्र सुनार र काठमाडौं निर्वाचन क्षेत्र नं ५ का उम्मेदवार निशा अधिकारीलाई आचारसंहिता उल्लङ्घन गरेको भन्दै उजुरी परेकाले स्पष्टीकरण सोधिएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले जानकारी दिएका छन् ।

राउतलाई आफ्नो निर्वाचन क्षेत्रमा चुनाव चिह्न र झन्डाको तोरण बनाई झुन्ड्याएको भनी उजुरी परेका आधारमा स्पष्टीकरण सोधिएको हो ।

सुनारलाई राष्ट्रिय जनावर गाईलाई लिएर साम्प्रदायिक विद्वेष फैल्याएर आचारसंहिता उल्लङ्घन गरेको भन्ने उजुरी परेका आधारमा स्पष्टीकरण सोधिएको शाखा अधिकृत प्रकाश सुवेदीले हस्ताक्षर गर्नुभएको पत्रमा उल्लेख छ ।

काठमाडौं निर्वाचन क्षेत्र नं ५ का उम्मेदवार अधिकारीलाई अष्ट्रेलियामा रहेका नेपालीलाई स्वयम्सेवक आवेदन फारम पठाई क्युआर कोडबाट आफ्नो अभियानलाई सहयोग गर्न सक्ने व्यहोराको विवरण पठाएका आधारमा स्पष्टीकरण सोधिएको आयोगले जनाएको छ ।

यसैगरी पूर्वाञ्चल विश्वविद्यालय, केन्द्रीय कार्यालय गोठगाउँ, मोरङलाई करार सेवामा कर्मचारी छनोटको लिखित परीक्षा सञ्चालन गरी परीक्षाफल प्रकाशनको तयारी रोक्नाका साथै संलग्नलाई कानुनी कारवाही गर्ने सम्बन्धमा उजुरी आएकाले स्पष्टीकरण सोधिएको हो ।

यसैगरी देउती आधारभूत विद्यालय भैरवी-३ दैलेखका शिक्षक देवीराम आचार्यलाई सामाजिक सञ्जालबाट दल विशेषलाई मत मागेको भन्दै स्पष्टीकरण सोधिएको हो ।

यसैगरी गुठी संस्थानलाई बौद्ध तथा मेलम्ची घ्याङ गुठीका प्रमुख लामालाई निर्वाचन आचारसंहिता विपरित हटाउने निर्णय गरिएको भन्ने उजुरीका आधारमा स्पष्टीकरण सोधिएको आयोगले जनाएको छ ।

## आचारसंहिता विपरित लगाइएको प्रचार सामाग्रि हटाइदै

**दैनिक समाचारदाता**
**राजविराज, १५ माघ ।**

मुख्य निर्वाचन अधिकृतको कार्यालयले आचारसंहिता विपरित बजारको मुख्य स्थानहरुमा झुण्डयाइएको झण्डा, पोष्टर, व्यानर लगायतका प्रचारसामग्री हटाउन सुरु गरेको छ ।

सप्तरीको निर्वाचन क्षेत्र नं. २ स्थित राजविराजमा निर्वाचन अधिकृतको कार्यालले प्रहरीको सहयोगमा बिहीबार बजारको विभिन्न स्थानबाट आचारसंहिता विपरितका प्रचारसामग्री हटाएको हो ।

जिल्लाको चारवटै क्षेत्रमा आचारसंहिता कार्यान्वयन गराउन र त्यसको विपरित झुण्डाइएको प्रचारसामग्री हटाउन सुरु गरिएको मुख्य निर्वाचन अधिकृत किशोर घिमिरेले जानकारी दिए ।

उनले सवारीसाधनहरुमा लगाएको व्यानर झण्डा हटाउन जिल्ला प्रहरी कार्यालय सप्तरीसँग समन्वय गरी काम सुरु गरिसकिएको बताए । “गाडीहरुमा लगाइएको झण्डा, व्यानर सहितका सामग्री नियन्त्रमा लिन प्रहरीलाई निर्देशन गरिसकिएको छ” उनले भने ।

## मधेस प्रदेशका एक हजार दुई सय ४६ मतदानस्थल अति संवेदनशील

जनकपुरधाम, १५ माघ (रासस) ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनअन्तर्गत मधेस प्रदेशका कूल दुई हजार १६० मतदानस्थलमध्ये एक हजार २४६ मतदानस्थल अतिसंवेदनशील रहेको जनाइएको छ ।

मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार भारतीय सीमासँग जोडिएका अधिकांश मतदानस्थल अतिसंवेदनशीलमा वर्गीकरण

***बाँकी अन्तिम पृष्ठमा***

**संक्षिप्त वातावरणीय अध्ययन को सार्वजनिक सुनुवाई सम्बन्धि सार्वजनिक सुचना**

प्रकाशित मिति : २०८२/१०/१६

मधेश प्रदेश सरकार,श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय, प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना, प्रादेशिक आयोजना व्यवस्थापन इकाई, जनकपुरधाम, धनुषा द्वारा राजबिराज नगरपालिका वडा नं १३ र तिलाठी कोइलाडी गाउँपालिका वडा नं २ मा खाडो नदि पुल निर्माण आयोजना प्रस्ताव गरिएको छ । यस प्रस्ताव कार्यन्वयन गर्नका लागि वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली,२०७७ अनुसार संक्षिप्त वातावरणीय अध्ययन BES प्रतिवेदन तयार गरि स्वीकृत गर्नुपर्ने प्रावधान अनुसार प्रतिवेदन तयारीका शिलशिलामा सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो ।

माथि उल्लेखित परियोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीको कममा वातावरणीय सवाल बारे राय सुझाव संकलन गर्नु पर्ने भएकाले स्थानीय तहका जनप्रतिनिधिहरु,स्थानीय सरोकारवालाहरु, स्थानीय संघ संस्थाका प्रतिनिधिहरु र प्रस्तावकको प्रतिनिधिका विच प्रस्तावको बारे सार्वजनिक सुनुवाई कार्यक्रम निम्न मिति, स्थान र समयमा आयोजना गरिने हुँदा सम्बन्धित सबैको सक्रिय उपस्थितिका लागि अनुरोध गरिन्छ ।

| क.स | मिति र समय | प्रस्ताव कार्यन्वयन क्षेत्र | स्थान |
|---|---|---|---|
| १ | २०८२/१०/२०<br>समय: ११: ०० बजे | राजबिराज नगरपालिका वडा नं १३ र तिलाठी कोइलाडी गाउँपालिका वडा न २ | पूल निर्माण स्थल |

**योग गरौं, स्वस्थ जीवन अपनाऔं**

❖नियमित व्यायाम तथा योगले तनावबाट राहत दिन्छ।
❖योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ।
❖नियमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न मद्दत गर्छ।
❖बिहान वा साँझ कम्तीमा ३० मिनेट योग अभ्यास गर्ने बानी बसालौं।
❖योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं।
❖बालबालिका, युवा, वृद्ध सबैका लागि योग लाभदायक छ।
❖योग उपचारात्मक भन्दा रोग निरोधात्मक विधि हो।

योग गरौः स्वास्थ्य बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### ध्वनी प्रदूषण नियन्त्रण वा रोक लगाउनमा को बाधक ?

ध्वनी प्रदूषणले व्यक्तिको मानसिक तनाब बढाउनुका साथै बालबालिकाको मस्तिष्कमा गम्भिर असर पुऱ्याउने गरेको छ । तर यसलाई नियन्त्रण वा रोक लगाउन स्थानीय प्रशासनको फितलो नीति रहेको छ । नेपालमा कानुन बन्ने र त्यसलाई कार्यान्वयन गर्ने कुरामा खासै ध्यान पुगेको देखिदैन् । कुनै पनि कानुन बनेपनि त्यसलाई कार्यान्वयन गर्न वर्षौ बितेको सर्वविदितै छ । अदालतले दिएको आदेश समेत कार्यान्वयन गर्न वर्षौ होईने दशकौं बित्ने गरेको पनि धेरै उदाहरणहरु रहेका छन् ।

राजविराजमा ध्वनी प्रदुषणलाई नियन्त्रण गर्न जिल्ला प्रशासनसहित बिभिन्न सरकारी निकायको नाममा निर्देशनरुपी फैसला सुनाएको एक दशक भन्दा बढी भइसकेको छ । तर, फैसला भए पनि त्यसको कार्यान्वयनमा निकायहरु गम्भिर देखिदैन । अदालतको फैसला कार्यान्वयन गर्न प्रहरी, प्रशासन सहितका निकायहरु अगाडि नबढ्दा नगरका मुख्य बजारहरुमा अहिले पनि चर्को स्वरमा लाउडस्पिकर टाँग्ने र ध्वनी प्रदूषण गर्ने क्रम जारी रहेको छ । विगतमा प्रहरीले डिजे साउण्डमा रोक लगाएपनि हाल मुख्य चोकहरुमा साउण्ड घन्काउने काममा रोक लाग्न सकेको छैन् । चाहे राजनीतिको नाममा होस् या धार्मिक अथवा अन्य कुनै नाममा किननहोस् ध्वनी प्रदूषण गर्ने काम जारी रहेको छ ।

जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयप्रति राज्यका निकायहरुले कार्यान्वयन गर्न र गराउन कीन अग्रसर भइरहेका छैनन् ? यो गम्भिर प्रशन हो । तसर्थ ध्वनी प्रदूषणलाई नियन्त्रण वा रोक लगाउनु ती निकाय गम्भिर हुनु अति आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अपेक्षा र उपेक्षाको बीचमा मधेस

**राजेश विद्रोही**

काठमाडौं, १५ माघ (रासस) ।

मधेस नेपालको दक्षिणी भूभागमा फैलिएको समथर भूभाग हो । यसले भौगोलिक, ऐतिहासिक, सांस्कृतिक तथा आर्थिक रूपमा राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान दिएको छ । हिमाल, पहाड र मधेसको संयोजनबाट बनेको नेपालको यो क्षेत्र प्राकृतिक उर्वरता, जनघनत्व र सांस्कृतिक विविधताका कारण सधैँ चर्चामा रहँदै आएको छ । इतिहासदेखि वर्तमानसम्म मधेससँग राज्य, समाज र राष्ट्रप्रति धेरै अपेक्षा जोडिँदै आएका छन्, जसले यस क्षेत्रलाई बुझ्ने दृष्टिकोणलाई अझ गहिरो बनाएको छ ।

नेपालको इतिहास हेर्दा मधेस सधैँ कृषि उत्पादन, व्यापार, व्यावसायिक गतिविधि, संस्कृति र ज्ञानको केन्द्रका रूपमा रहेको देखिन्छ । तर समयक्रमसँगै मधेस र पहाडबीचको बुझाइमा दूरी बढ्दै गएको अनुभूति गरिएको देखिन्छ । यस लेखको उद्देश्य कुनै राजनीतिक धार वा सम्प्रदायलाई अघि बढाउनु वा भड्काउनु होइन, बरु इतिहास, संस्कृति र आपसी सम्मानका आधारमा साझा राष्ट्रिय निर्माणप्रति साझेदारिता देखाउनु हो ।

**मधेस शब्दको ऐतिहासिक अर्थ र विकास**

'मधेस' शब्द संस्कृतको मध्यदेशबाट विकसित भएको मानिन्छ । प्राचीन ग्रन्थहरूमा गङ्गा-यमुना क्षेत्र वरपरको भूभाग अर्थात् हिमाल र पहाडको दक्षिणतर्फ फैलिएको उर्वर समथर भूभागलाई मध्यदेश भनिन्थ्यो । यही शब्द बोलचालको समयक्रमसँगै भाषिक रूपान्तरण हुँदै 'मधेस'का रूपमा स्थापित भयो । लिच्छवी र मल्लकालका केही संस्कृत तथा नेपाली अभिलेखहरूमा 'मध्यदेश' वा त्यससँग सम्बन्धित उल्लेखहरू पाइन्छन् । तर आधुनिक अर्थमा नेपालको दक्षिणी तराई भूभागलाई औपचारिक रूपमा 'मधेस' भनेर चिनाउने चलन भने राणा शासनकालतिर मात्र विकसित भएको देखिन्छ ।

खासगरी १९औँ-२०औँ शताब्दीमा राणा शासनकालमा तराईलाई पहाडभन्दा अलग, सीमावर्ती र फरक सामाजिक क्षेत्रका रूपमा हेर्ने प्रशासनिक सोच बलियो बन्यो । यसरी भौगोलिक अर्थमा प्रयोग भएको शब्द पछि सामाजिक र सांस्कृतिक पहिचानसँग जोडिन पुग्यो । २००७ सालपछि नागरिकता, भाषा र समावेशीकरणका बहससँगै मधेस पहिचानको विषयका रूपमा स्थापित भयो । २०६३/६४ सालको मधेस आन्दोलनपछि 'मधेस' राष्ट्रिय राजनीतिक र सामाजिक विमर्शमा निर्णायक रूपमा प्रवेश गऱ्यो ।

**ऐतिहासिक र सांस्कृतिक योगदान**

मधेसको इतिहास वैदिककालसम्म फैलिएको छ । वैदिक कालमा विदेह वा मिथिला राज्य यही क्षेत्रमा अवस्थित थियो । राजा जनकको शासनकालमा दर्शन, शिक्षा र वैदिक चिन्तन उच्च उत्कर्षमा पुगेको देखिन्छ । सीता, याज्ञवल्क्यजस्ता ऐतिहासिक पात्रहरूले मधेसलाई धार्मिक, दार्शनिक र बौद्धिक चेतनाको केन्द्रका रूपमा स्थापित गरेका छन् । मिथिला संस्कृति, कला, साहित्य, लोकपरम्परा र शास्त्रीय दर्शनको निरन्तर विकासले मधेसलाई दक्षिण एसियाकै एक महत्वपूर्ण सांस्कृतिक भूभागका रूपमा चिनाएको छ । मध्यकालमा कर्णाट र सेन वंश तथा आंशिक रूपमा मुगल प्रभावअन्तर्गत रहेको मधेस हिमाली भेग र गङ्गा मैदानबीचको महत्वपूर्ण व्यापारिक सेतुका रूपमा विकसित भयो । नून, ऊन, अन्न, कपडा र हस्तकलाका सामग्रीको आदान-प्रदानले मधेसलाई आर्थिक मात्र होइन्, सामरिक, सामाजिक र सांस्कृतिक दृष्टिले पनि सबल बनायो । यस ऐतिहासिक प्रक्रियाले मधेसलाई नेपालको समग्र इतिहास र सभ्यताको अभिन्न अङ्गका रूपमा स्थापित गरेको छ ।

**सामाजिक, भाषिक र सांस्कृतिक विविधता**

मधेस नेपालकै सबैभन्दा घना जनसङ्ख्या भएको क्षेत्र हो । २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार मधेस प्रदेशको जनसङ्ख्या करिब ६१ लाख रहेको छ । यादव, कुर्मी, थारु, मुसहर, दुसाध, चमार, कोइरी, ब्राह्मण, राजपूतलगायत दर्जनौँ जातीय समुदायहरूको सहअस्तित्वले मधेसलाई सामाजिक रूपमा अत्यन्त विविध बनाएको छ । धार्मिक दृष्टिले यहाँ मुख्यतः हिन्दु र मुस्लिम समुदायको बाहुल्य रहेको छ, जसले धार्मिक सहिष्णुता र सहअस्तित्वको लामो परम्परा विकास गरेको छ । भाषिक रूपमा मधेस बहुभाषिक समाज हो । मैथिली, भोजपुरी, अवधी, बज्जिका, थारु र उर्दू यहाँका प्रमुख मातृभाषाहरू हुन् । यी भाषाहरू केवल सञ्चारका साधन मात्र नभई मधेसी समाजको ऐतिहासिक स्मृति, सांस्कृतिक पहिचान र सामाजिक निरन्तरताका आधार हुन् तर लामो समयसम्म राज्य संरचनाभित्र यी भाषाहरूको औपचारिक मान्यता र प्रयोग सीमित रहँदा भाषिक असमानता र उपेक्षाको अनुभूति मधेसी समाजमा गहिरिँदै गएको देखिन्छ ।

सांस्कृतिक दृष्टिले छठ, समा-चकेवा, जुडशीतल, होली, ईद र मोहर्रमजस्ता पर्वहरूले मधेसको बहुसांस्कृतिक चरित्र र सामाजिक सहिष्णुतालाई प्रतिविम्बित गर्छन् । प्रकृतिप्रति सम्मान, पारिवारिक सम्बन्ध र सामुदायिक ऐक्यबद्धता यी पर्वहरूको साझा विशेषता हुन् । लोकगीत, लोकनृत्य र मौखिक परम्पराले पुस्तौंदेखि मधेसको सांस्कृतिक चेतनालाई जीवन्त राख्दै आएको छ । १८औँ शताब्दीमा गोरखा राज्यद्वारा नेपाल एकीकरण भएपछि मधेसलाई प्रायः सुरक्षा दृष्टिले संवेदनशील क्षेत्रका रूपमा हेरिएको ऐतिहासिक अनुभूति पाइन्छ । यसले कतिपय समयमा मधेसलाई राज्यको अभिन्न अङ्गभन्दा परिधिमा राखिएको जस्तो अनुभूति उत्पन्न गराएको छ । यही पृष्ठभूमिमा मधेसको सामाजिक, भाषिक र सांस्कृतिक विविधतालाई सम्मान गर्दै समावेशी राष्ट्रिय दृष्टिकोण विकास गर्नु आजको साझा आवश्यकता हो ।

**मधेस-पहाड सम्बन्धः बुझाइको आवश्यकता**

मधेसलाई प्रायः नेपालको अन्न भण्डार भनिन्छ । धान, गहुँ, मकै, ऊखु, तरकारी र तेलहन उत्पादनमा मधेसको योगदान उल्लेखनीय छ । साथै, उद्योग, व्यापार, भन्सार र राजस्व सङ्कलनमा पनि मधेसको भूमिका महत्वपूर्ण छ । यति ठूलो योगदानका बाबजुद विकासका अवसर र पहुँच सबै क्षेत्रमा समान नभएको अनुभूति समाजमा देखिन्छ । यो अवस्था कुनै एक क्षेत्रको मात्र होइन्, समग्र राष्ट्रकै साझा चुनौती हो । जसको समाधान समावेशी विकास र सन्तुलित नीतिमार्फत मात्र सम्भव छ ।

नेपाल राज्य निर्माणको क्रममा विभिन्न भूगोल र समाजबीच फरक-फरक अनुभवहरू छन् । कतिपय अवस्थामा यी फरक अनुभवहरूले गलत बुझाइ जन्माएका छन् । मधेस र पहाडलाई फरक-फरक होइन्, पूरक भूगोल र संस्कृतिका रूपमा बुझ्न सकिए मात्र आपसी विश्वास बलियो हुन्छ । 'मधेसी', 'पहाडी', 'हिमाली'- यी सबै पहिचानहरू नेपाली राष्ट्रियताको साझा आधार हुन् । समस्या शब्दमा होइन्, ती शब्द प्रयोग गर्दा अपनाइने दृष्टिकोणमा हुन्छ । सम्मान र समावेशी सोचले मात्र दूरी घटाउन सक्छ ।

सङ्घीय संरचनाले स्थानीय पहिचान, भाषा र आवश्यकतालाई सम्मान गर्दै शासन प्रणालीलाई नागरिक नजिक लैजाने उद्देश्य राखेको छ । सङ्घीयताको सफलताका लागि अधिकार, जिम्मेवारी र स्रोतको सन्तुलित प्रयोग आवश्यक छ । यसले मधेस, पहाड र हिमालबीच सहकार्य र विश्वास बढाउन सक्छ । संविधानले समावेशीता, मातृभाषा, समान अवसर र सामाजिक न्यायका आधारहरू स्थापित गरेको छ । अब चुनौती भनेको यी मूल्यहरूलाई व्यवहारमा उतार्नु हो ।

**अन्य देशका अनुभव र नेपालका लागि सन्देश**

विश्वका धेरै देशहरूले विविधतालाई स्वीकार गरेर राष्ट्रिय एकता बलियो बनाएका छन् । जहाँ पहिचान दबाइयो, त्यहाँ द्वन्द्व बढ्यो, जहाँ संवाद र सम्मानलाई प्राथमिकता दिइयो, त्यहाँ समाज स्थिर रह्यो । नेपालका लागि पनि यही पाठ सान्दर्भिक हुनसक्छ । मधेस नेपाल बाहिरको वा परिधिमा रहेको भूभाग होइन-यो नेपालको मुटु हो । मधेसलाई बुझ्नु भनेको नेपाललाई बुझ्नु हो । इतिहास, संस्कृति, श्रम र सहिष्णुताको साझा विरासतलाई सम्मान गर्दै अघि बढ्नसके मात्र नेपाल साँचो अर्थमा समावेशी, सुदृढ र आत्मविश्वासी राष्ट्र बन्न सक्छ ।

यसर्थ मधेस-पहाडबीचको मनोवैज्ञानिक विभाजन घटाउने उपाय राजनीतिभन्दा बढी मानवीय समझदारी, ऐतिहासिक चेतना र आपसी सम्मानमा निहित छ । वैदिककालदेखि आधुनिक राज्य निर्माणसम्म मधेसले दिएको योगदान कृषि, व्यापार, ज्ञान, संस्कृति र अर्थतन्त्रका हरेक तहमा स्पष्ट देखिन्छ तर ऐतिहासिक बुझाइको दूरी, राजनीतिक केन्द्रीकरण र भाषिक-सांस्कृतिक उपेक्षाले मधेसी समाजमा असमानताको अनुभूति गहिरिँदै गएको यथार्थलाई नकार्न सकिँदैन । अब आवश्यक कुरा मधेस-पहाडलाई अलग-अलग होइन, पूरक भूगोल र साझा पहिचानका रूपमा स्वीकार गर्दै सम्मान, संवाद र समावेशी नीतिमार्फत आपसी विश्वास सुदृढ गर्नु हो । सङ्घीय संरचना, संवैधानिक मूल्य र विविधताको सम्मानलाई व्यवहारमा उतार्न सके मधेस अपेक्षा र उपेक्षाको द्वन्द्वबाट बाहिर निस्केर समावेशी, न्यायपूर्ण र सशक्त नेपालको निर्माणमा केन्द्रीय भूमिकामा उभिन सक्छ ।

# कमला नदीमा अस्थायी 'डाइभर्सन'

सिरहा, १५ माघ (रासस) ।

हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा सिमानामा पर्ने कमला नदीमा अस्थायी 'डाइभर्सन' निर्माण भएसँगै सवारी आवत-जावत सहज भएको छ ।

वर्षौंदेखि भासिएको पुलको विकल्पमा 'ह्युमपाइप' राखेर डाइभर्सन बनाइएपछि साना-ठूला सबै प्रकारका सवारीसाधन सञ्चालनमा सहज भएको छ । हप्तादिन अघिदेखि नै सार्वजनिक सवारी चल्न थालेको जानकारी दिँदै सिरहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवले भन्नुभयो, "हाल सबै प्रकारका सवारीसाधनहरूको सहज आवत-जावत सुरु भइसकेको छ । यसले स्थानीय बासिन्दा र छोटो रुटबाट मधेस प्रदेशको राजधानी जनकपुर जाने यात्रुलाई ठूलो राहत मिलेको छ ।"

गत मङ्सिर ५ गते निवर्तमान भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङले पुलको स्थलगत अनुगमन गर्दै पुनर्निर्माणको काम तत्काल अघि बढाउन निर्देशन दिनुभएको थियो । त्यस क्रममा उहाँले काम सन्तोषजनक नभए ठेक्का तोड्ने चेतावनी दिँदै तत्काल अस्थायी रूपमा आवत-जावतको व्यवस्था मिलाउनसमेत निर्देशन दिनुभएको थियो । घिसिङको निर्देशनलगत्तै निर्माण कम्पनीले ह्युमपाइप राखेर डाइभर्सन तयार पारेको हो ।

यसअघि स्थानीय युवाले निर्माण गरेको बाँसको पुलबाट शुल्क तिरेर जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता थियो । बर्खायाममा बाँसको पुल बाढीले बगाउँदा स्थानीयले डुङ्गाको सहारामा ज्यान जोखिममा राखेर नदी वारपार गर्दै आएका थिए ।

विगत १४ वर्षदेखि अलपत्र अवस्थामा रहेको यहाँको पुल निर्माणकार्य अन्तिम चरणमा पुगेको छ । आगामी असार मसान्तसम्म निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ हाल दैनिक ४० देखि ५० जना कामदार 'फिनिसिङ' र मर्मतको काममा खटिएका निर्माण कम्पनीले जनाएको छ ।

पप्पु लुम्बिनी जेभीले ठेक्का पाए पनि पप्पु कन्सट्रक्सन कालोसूचीमा परेपछि हाल लुम्बिनी बिल्डर्सले यहाँ काम गरिरहेको छ । निर्माण कम्पनीका साइट इन्चार्ज सुदीप थापाले भन्नुभयो, "हामी बाँकी संरचनात्मक कामहरू द्रुत गतिमा गरिरहेका छौँ, असार मसान्तभित्र पुलबाटै सवारीसाधन सञ्चालन हुने गरी काम सम्पन्न गर्ने हाम्रो लक्ष्य छ ।"

विसं २०६८ मा तीन वर्षभित्र सम्पन्न गर्ने भन्दै सुरु गरिएको पुल २०७८ साल असारमा आएको बाढीले दुईवटा पिलर भासिएर चारवटा स्ल्याबमा क्षति पुऱ्याएपछि

*बाँकी तीन पृष्ठमा*

# मधेस प्रदेशको बदलिँदो राजनीतिक परिदृश्य, युवा उम्मेदवारको लर्को

**अजयकुमार साह**

धनुषा, १५ माघ (रासस)।

मधेस प्रदेशको राजनीतिक परिदृश्य यसपटक केही फरक देखिएको छ।

प्रतिनिधिसभा निर्वाचनका लागि दर्ता भएका उम्मेदवारहरूको सूचीले पछिल्लो समय देशभर उठेको 'जेनजी'अर्थात् नयाँ पुस्ताको राजनीतिक चेतनालाई आंशिक रूपमा प्रतिबिम्बित गरेको छन्स्।

विशेषगरी गत भदौमा भएको नवयुवाको आन्दोलनपछि राजनीतिमा उनीहरूको प्रत्यक्ष हस्तक्षेप बढेको छ। मधेस प्रदेशमा पनि त्यो अनुभूत भएको छ।

जेनजी अभियानकर्मीहरूका अनुसार यो प्रतिनिधित्व पूर्ण रूपमा सन्तोषजनक भने छैन। उनीहरू भन्छन्, "सूचीमा केही युवा नाम देखिनु सकारात्मक सङ्केत हो, तर अझै पनि पहुँच र प्रभाव भएकाहरू नै प्राथमिकतामा परेको अनुभूति हुन्छ।" यसअघि केही नयाँ र पुराना राजनीतिक दलहरूले समानुपातिकतर्फ प्रस्तुत गरेका उम्मेदवारहरूको सूचीमा पनि जेनजी आन्दोलनको भावना समेटिएको देखिए पनि ती नामहरू अधिकांशतः राजनीतिक पहुँच भएकै व्यक्तिहरू थिए।

प्रतिनिधिसभा निर्वाचनमा मधेस प्रदेशबाट ५८ जना जेनजी पुस्ताका उम्मेदवार बनेका छन्। उम्मेदवारहरुमध्ये दुई जना महिला र ५६ जना पुरुष छन्। निर्वाचन आयोगका अनुसार ४१ जना स्वतन्त्र र १२ राजनीतिक दलबाट १७ जना जेनजी पुस्ताका उम्मेदवार बनेका हुन्।

जेनजी पुस्ताका उम्मेदवारको सङ्ख्या कम भए पनि स्थानीय राजनीतिक इतिहासका हिसाबले महत्त्वपूर्ण मानिन्छ। उज्यालो नेपाल पार्टी र जनमत पार्टीले तीनतीन जना जेनजी पुस्ताका युवालाई उम्मेदवार बनाएको छ भने श्रम संस्कृति पार्टीले दुई जनालाई खडा गरेको छ।

नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), आम जनता पार्टी (एकल चुनाव चिह्न), जनअधिकार पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपालका लागि नेपाली पार्टीले एकएक जना जेनजी पुस्ताका युवालाई उम्मेदवार बनाएको छ।

उज्यालो नेपाल पार्टीले सिरहा क्षेत्र नम्बर ३ बाट २६ वर्षीय श्रवण पासवान, महोत्तरी क्षेत्र नम्बर १ बाट २८ वर्षीय मनोजकुमार गुप्ता र रौतहट क्षेत्र नम्बर २ बाट २५ वर्षीय रामाकान्तप्रसाद पटेललाई उम्मेदवार बनाएको छ।

जनमत पार्टीले महोत्तरी क्षेत्र नम्बर १ बाट २७ वर्षीय वीरेन्द्र महतो, रौतहट क्षेत्र नम्बर २ बाट २८ वर्षीय सोनु कुशवाहा र रौतहट क्षेत्र नम्बर ४ बाट २८ वर्षीय राम कल्याण राउतलाई उम्मेदवार बनाएको छ।

श्रम संस्कृति पाटीले सिरहा निर्वाचन क्षेत्र नम्बर ४ बाट २६ वर्षीय पङ्कजकुमार ठाकुर र पर्सा क्षेत्र नम्बर १ बाट २८ वर्षीय वसिम शेखलाई उम्मेदवार बनाएको छ।

नेकपा एमालेले पूर्वसांसद शिवपुजन यादवको छोरा २७ वर्षीय अमनिशकुमार यादवलाई सर्लाही क्षेत्र नम्बर ४ बाट उम्मेदवार बनाएको छ। यो क्षेत्रबाट नेपाली कांग्रेसका सभापति गगन थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका नेता एवं पूर्वप्रतिनिधिसभा सदस्य अमरेश सिंहलगायतका उम्मेदवार छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीले अन्तरिम सरकारमा युवा तथा खेलकुदमन्त्री भइसकेका २८ वर्षीय बब्लु गुप्तालाई सिरहा निर्वाचन क्षेत्र नम्बर १ बाट उम्मेदवार बनाएको छ।

नेकपाले बारा निर्वाचन क्षेत्र नम्बर ४ मा २७ वर्षीय अजय कुशवाहालाई खडा गरेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीले सप्तरी निर्वाचन क्षेत्र नम्बर २ मा २७ वर्षीय अजयकुमार दास, नेपाल मजदुर किसान पार्टीले सप्तरी २ बाटै निलम कुमारीयादवलाई प्रत्याशी बनाएको छ।

समाजशास्त्री नीलबहादुर लुम्रेको अनुसार यी युवा उम्मेदवारको साझा विशेषता 'पुराना राजनीतिक दलकाशैलीप्रति असन्तुष्टि र नयाँ सोचसहितको हस्तक्षेप हो'। उहाँहरु सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य र स्थानीय विकासलाई प्रमुख एजेन्डा बनाउँदै मतदातासामु पुग्न्, सामाजिक सञ्जाल, प्रत्यक्ष भेटघाट र सामुदायिक छलफलमार्फत मतदातासँग सम्पर्कमा रहनु परम्परागत राजनीतिभन्दा फरक अभ्यासमा लाग्नुलाई समाजशास्त्री लुम्रे नवीन मान्नुहुन्छ।

राजनीतिक विश्लेषक शङ्कर महतोका अनुसार जेनजी उम्मेदवारहरूको उपस्थिति जित-हारभन्दा पनि दीर्घकालीन रूपमा राजनीतिक संस्कार परिवर्तनको सङ्केत हो। "यी युवाले जिते वा नजिते पनि उनीहरूको सहभागिताले आगामी निर्वाचनमा अझ बढी युवालाई प्रेरित गर्नेछ", विश्लेषक महतो बताउनुहुन्छ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय राजविरज ,सप्तरी

प.नं.०८२/०८३
च.नं.

मिति:-२०८२।१०।१२

विषय:-३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सुचना।

रैति नं.२५२ को रैति रामजी चिचाई मंडरको नाममा दर्ता रहेको साविक प्रगन्ना जगदर मौजे रामपुरा हाल नपसिल वमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.बि.स.छिन्नमस्ता वार्ड नं.८ हाल परिवर्तितत छिन्नमस्ता गा.पा.वार्ड नं.२ वस्ने स्व.रामजी मण्डल अमातको नाति स्व.भागवत मंडलको छोरा राजेन्द्र प्रसाद मण्डल र राम चन्द्र मंडल अमात समेतले यस कार्यालयमा द.नं.८९५५ मिति २०८२।९।६ गतेमा निवेदन परी हक दावी सम्वन्धित सार्वजनीक सुचना प्रकाशित गर्न मिति २०८२।१०।१२ गतेमा आदेश भए वमोजिम यो ३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदकहरु वाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनि सम्पतिको नोक्सानी हुने भए ठोस सवुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी वमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ काननु वमोजिम कार्यवाहि भै जाने छ। यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराइन्छ।

**तपसील**

| सा.कि.न. | गा.वि.स. | वार्ड नं. | हा.कि.नं. | क्षेत्रफल | तर्फ | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ९४६ | लालापट्टी | ९(क) | १९७ | ०-४-७ | ससीम | रामजी चिचाई मंडर | फिल्डवुकको जग्गाधनी महलमा किसानको महलमा खालि रहेको र कैफियत पं. सखडा वार्ड नं.८ वस्ने भागवत मंडलको नम्बरी हो। |
| ९१४ | सखडा | ९(ग) | १९३ | ०-०-१४ | ससीम | भागवत चिचाई मंडल अमात | फिल्डवुकको जग्गाधनी महलमा किसानको महलमा खालि रहेको र कैफियत पं. सखडा वार्ड नं.८ वस्ने भागवत मंडलको नम्बरी हो। |
| ९०५ | सखडा | ९(ग) | २०२ | ०-३-० | ससीम | भागवत चिचाई मंडल अमात | फिल्डवुकको जग्गाधनी महलमा किसानको महलमा खालि रहेको र कैफियत पं. सखडा वार्ड नं.८ वस्ने भागवत मंडलको नम्बरी हो। |
| ८८६ | सखडा | ९(ग) | २०६ | ०-१०-५ | ससीम | भागवत चिचाई मंडल | फिल्डवुकको जग्गाधनी महलमा किसानको महलमा खालि रहेको र कैफियत पं. सखडा वार्ड नं.८ वस्ने भागवत मंडलको नम्बरी हो। |
| ९११ | सखडा | ९(ख) | १०६ | ०-२-१ | ०-२-१ मध्ये पूर्व सो ०-१-०.५ | भागवत चिचाई मंडल अमात | फिल्डवुकको जग्गाधनी महलमा किसानको महलमा खालि रहेको र कैफियत पं. सखडा वार्ड नं.९ वस्ने भाग वत,बुधनी आतनीको नम्बरी हो। |
| १०५१ | सखडा | ९(ख) | १०८ | ०-०-१५ | ०-०-१५ मध्ये दछिन तर्फ सो ०-०-७.५ | भागवत चिचाई मंडल अमात | फिल्डवुकको जग्गाधनी महलमा किसानको महलमा खालि रहेको र कैफियत पं. सखडा वार्ड नं.९ वस्ने भाग वत,बुधनी आतनीको नम्बरी हो। |
| ५६४ | सखडा | ९(ख) | १०९ | ०-५-५ | ०-५-५ मध्ये पूर्व सो ०-२-१२.५ | भागवत चिचाई मंडल अमात | फिल्डवुकको जग्गाधनी महलमा किसानको महलमा खालि रहेको र कैफियत पं. सखडा वार्ड नं.९ वस्ने भाग वत,बुधनी आतनीको नम्बरी हो। |

***कमला नदीमा ...***

समस्या भएको हो। पुल निर्माणमा ढिलाइ हुँदा सिरहा र धनुषाका स्थानीयवासी जोखिमपूर्ण अस्थायी बाटो प्रयोग गर्न बाध्य छन्। स्थानीय युवा सन्तोष यादवका अनुसार तत्कालीन मन्त्री घिसिङको पहलपछि पुल निर्माणले गति लिएको हो।

उहाँले भन्नुभयो, "लामो समयसम्म काम हुनसकेन, तर नागरिक सरकारको पहलपछि काम सम्पन्न हुने चरणमा पुगेको छ। डाइभर्सनले तत्काललाई सजिलो बनाए पनि अब तोकिएको समयमै पुल निर्माण सम्पन्न हुनुपर्छ। त्यसमा सबै गम्भीर बन्नुपर्छ।"

हुलाकी राजमार्गको मेरुदण्ड मानिने यो पुल सम्पन्न भएपछि सिरहा र धनुषाका हजारौं नागरिकको कष्टकर यात्रा अन्त्य हुनेछ।

## विश्व समाचार

### बेलायत-चीन सम्बन्ध सुदृढ गर्ने सहमति

बेइजिङ, १५ माघ (रासस/एपी)।

बेलायत र चीनका नेताहरूले बढ्दो विश्वव्यापी अनिश्चितताको पृष्ठभूमिमा दुई देशबीचको सम्बन्धलाई अझ गहिरो बनाउन व्यापक रणनीतिक साझेदारीको आवश्यकता औंल्याएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नाम प्रत्यक्ष रूपमा नलिइए पनि विश्व व्यवस्थामा आएको उतारचढाव दुवै नेताको छलफलको केन्द्रमा रहेको देखिएको छ।

बेलायती प्रधानमन्त्री किर स्टार्मरले चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको भेटमा जलवायु परिवर्तन र विश्वव्यापी स्थिरताजस्ता चुनौतीपूर्ण विषयमा सहकार्य गर्दै सम्बन्धलाई मजबुत बनाउनु आवश्यक रहेको बताउनुभयो। दुवै नेताबीच बेइजिङस्थित ग्रेट हल अफ द पिपलमा भेट भएको हो। बेलायत-चीन सम्बन्ध पछिल्ला वर्षहरूमा जासुसी आरोप, युक्रेन युद्धमा रुसप्रति चीनको समर्थन र हङकङमा स्वतन्त्रतामाथि लगाइएको नियन्त्रणका कारण तनावग्रस्त बनेको थियो। आठ वर्षपछि चीन भ्रमण गर्ने पहिलो बेलायती प्रधानमन्त्री स्टार्मर नै हुनुहुन्छ।

राष्ट्रपति सीले विगतका वर्षहरूमा सम्बन्धमा अवरोध आएको स्वीकार गर्दै वर्तमान जटिल अन्तर्राष्ट्रिय परिस्थितिमा शान्ति र स्थिरताका लागि वार्ता र सहकार्य सुदृढ गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले राष्ट्रिय सुरक्षा र मानव अधिकारसम्बन्धी चिन्ताबीच चीनसँग संवाद अघि बढाउन स्टार्मरले सामना गर्नुपरेको आलोचनालाई पनि सङ्केत गर्नुभयो।

प्रधानमन्त्री स्टार्मरले चीनसँग कूटनीतिक संवाद र आर्थिक सहकार्य कायम राख्दै राष्ट्रिय सुरक्षाको रक्षा गर्ने नीति अपनाएको स्पष्ट पार्नुभयो। उहाँले सरकारमा आएपछि बेलायतलाई अन्तर्राष्ट्रिय रूपमा पुनः सक्रिय बनाउने वाचा गरेको स्मरण गराउँदै विदेशमा हुने घटनाले घरेलु अर्थतन्त्र र जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने उल्लेख गर्नुभयो।

आर्थिक वृद्धि र जीवनयापन लागतको दबाब सामना गरिरहेको बेलायती सरकारले चीनमा व्यापारिक अवसर विस्तार गर्न खोजेको छ। यसै क्रममा स्टार्मरको भ्रमणमा ५० भन्दा बढी शीर्ष व्यापारीहरू सहभागी भएका छन्।

ट्रम्पको नेतृत्वमा विश्वव्यापी व्यापारमा आएको अवरोधका कारण धेरै मुलुक नयाँ साझेदारी खोज्न सक्रिय बनेका छन्। यसै सन्दर्भमा स्टार्मर दक्षिण कोरिया, क्यानाडा र फिनल्यान्डपछि यस महिना बेइजिङ भ्रमण गर्ने चौथो अमेरिकी सहयोगी देशका नेता हुनुहुन्छ। उहाँले बिहीबार चीनको राष्ट्रिय जन काङ्ग्रेसका अध्यक्ष झाओ लेजीसँग पनि भेट गर्नुभएको छ। दुवै देशले विभिन्न सम्झौतामा हस्ताक्षर गर्ने अपेक्षा गरिएको छ।

### इरानको क्रान्तिकारी गार्डमाथि प्रतिबन्ध लागू गर्ने तयारीमा इयु

ब्रसेल्स, १५ माघ (रासस/एपी)।

राष्ट्रव्यापी विरोध प्रदर्शनमा तेहरानको दमनमा इरानको अर्धसैनिक क्रान्तिकारी गार्डमाथि प्रतिबन्ध लगाउन युरोपेली सङ्घ (इयु) तयारी अवस्थामा देखिन्छ। यसले इस्लामिक गणतन्त्रमा थप दबाब दिएको छ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सम्भावित सैन्य आक्रमणको खतरालाई पनि बढाएको छ।

अमेरिकाले युएसएस अब्राहम लिङ्कन र अन्य निर्देशित मिसाइल विध्वंसकहरू मध्यपूर्वमा पठाएको छ। इरानले पनि प्रतिघातको चेतावनी दिएको छ, जसले अमेरिकी सैन्य आधार र इजरायलसहित क्षेत्रीय लक्ष्यहरूलाई जोखिममा पार्न सक्छ। विरोध प्रदर्शनमा कम्तीमा छ हजार ३७३ जनाको मृत्यु भएको बताइएको छ।

इयुका शीर्ष कूटनीतिज्ञ काजा कालासले प्रतिबन्धको 'सम्भावना' रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "यदि तपाईं आतङ्कारीका रूपमा कार्य गर्नुहुन्छ भने तपाईंलाई आतङ्कारीका रूपमा पनि व्यवहार गर्नुपर्छ।" इरानले यसबारे तत्काल टिप्पणी गरेको छैन, तर यसअघि युरोपको आलोचना गरिसकेको छ।

इयुमा प्रतिबन्ध लागू गर्न ब्लकका २७ राष्ट्रमा सर्वसम्मति आवश्यक छ। फ्रान्सले गार्डलाई आतङ्कारी सूचीमा राख्ने प्रस्तावलाई समर्थन गरेको छ र फ्रान्सेली विदेशमन्त्री जीन-नोएल बारोटले भन्नुभयो, "इरानमा गरिएका अपराधका लागि कुनै दण्डमुक्ति हुन सक्दैन।"

क्रान्तिकारी गार्ड सन् १९७९ को इस्लामिक क्रान्तिबाट स्थापना भएको थियो र त्यसयता देशको शिया धर्मगुरु-प्रधान शासनको सुरक्षा गर्दै आएको छ। यसले प्रदर्शन रोक्न बासिज बलमार्फत जनवरी ८ देखि इन्टरनेट बन्द गरी व्यापक दमन गरेको थियो।

इरानी पुरुषहरूले १८ वर्षपछि दुई वर्षसम्म सैन्य सेवा गर्नुपर्छ र धेरैले राजनीतिक दबाबका बाबजुद गार्डमा भर्ती हुने गर्छन्। मानव अधिकार समूहका अनुसार कम्तीमा छ हजार ३७३ जनाको मृत्यु भएको छ, जसमा पाँच हजार ९९३ प्रदर्शनकारी, २१४ सुरक्षा बल, ११३ बालबालिका र ५३ सर्वसाधारण रहेका छन्। बयालिस हजार ४५० भन्दा बढी पक्राउ परेका छन्। सरकारको आफ्नै तथ्याङ्क अनुसार जनवरी २१ सम्म मृत्यु हुनेको सङ्ख्या तीन हजार ११७ पुगेको थियो।

यो मृत्युको सङ्ख्या दशकौंमा इरानमा भएका कुनै पनि विरोध प्रदर्शनभन्दा बढी हो र यसलाई सन् १९७९ को इस्लामिक क्रान्तिसँग तुलना गरिन्छ।

# डाक्नेश्वरीलाई पिएम कप छनोट क्रिकेट प्रतियोगिताको उपाधी



**दैनिक समाचारदाता**
**राजविराज, १५ माघ ।**

सप्तरी क्रिकेट संघको आयोजनामा संचालित प्रधानमन्त्री कप सप्तरी जिल्लास्तरिय छनोट क्रिकेट प्रतियोगिताको उपाधी डाक्नेश्वरीले जितेको छ ।

बिहिवार राजबिराजस्थित पविमाबि क्रिकेट मैदानमा सम्पन्न फाइनल खेलमा डाक्नेश्वरीले राजदेबीलाई ८९ रनले पराजित गर्दै उपाधी जितेको हो ।

टस जितेर डाक्नेश्वरीले ३९ ओभरमा ३ बलमा सबै बिकेट गुमाई २ सय ८ रनको योगफल खडा गरेको थियो । जसमा वसन्त यादबले सर्वाधिक ६०, भिम यादव ३५, रोबिन सिंह २३, मोहम्मद सकिव खान २१ रन बनाएका थिए । बलिङतर्फ राजदेबीका निरज यादव ४, सुशान्त देव र सन्दिप यादबले २/२, तथा अजय यादब र सफल थापाले १/१ बिकेट लिएका थिए ।

प्रतिउतरमा राजदेबीले २२ ओभर १ बलमा सबै बिकेट गुमाएर १ सय १९ रन मात्र बनाउन सकेको थियो । जसमा निरज यादबले सर्वाधिक ४१ तथा सफल थापाले १५ रन बनाएका थिए । बलिङतर्फ डाक्नेश्वरीका रोबन सिंह र भिम यादबले ३/३, शिव दासले २ बिकेट, तथा बिजय यादव र सुमित ईसरले १/१ बिकेट लिएका थिए ।

सो अवसरमा बिजेता टिमलाई सप्तरी क्रिकेट संघका उपाध्यक्ष निरज सिंह, सचिव चन्दनकुमार यादव, सदस्य संजय कार्की, रोशन मण्डल, क्रिकेट छनोट समितिका सदस्यद्वय धर्मेन्द्र चौधरी, राहुल सिंह लगायतको उपस्थिति रहेको थियो ।

उक्त अवसरमा राजबिराज वडा ५ निवासी स्व. अन्न बहादुर आले मगरकी श्रीमति दिपा मगरलाई क्रिकेट संघ सप्तरीको तर्फबाट नगद १५ हजार रूपैया प्रदान गरिएको छ ।

# प्रधानमन्त्री कपका लागि सप्तरीबाट २८ खेलाडी छनोट

**दैनिक समाचारदाता**
**राजविराज, १५ माघ ।**

नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा सञ्चालन हुने प्रधानमन्त्री कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि सप्तरी जिल्लाबाट २८ जना खेलाडी छनोट भएका छन् ।

जिल्ला छनोट क्रिकेट प्रतियोगितामा देखाएको प्रदर्शनका आधारमा सप्तरी क्रिकेट संघले खेलाडीहरूको बन्दसूची सार्वजनिक गरेको हो । छनोट भएका खेलाडीहरूले अब प्रदेश छनोट तथा अन्तिम टोलीमा स्थान बनाउन प्रतिस्पर्धा गर्नेछन् ।

सप्तरीबाट छनोट हुने खेलाडीहरूमा अमित कुमार यादव, रौनक सिंह, अभिषेक कार्की, बसन्त यादव, भोला शाह, रोबिन सिंह, सौरभ झा, मन्नु दास, जेम्स बिक, रोहन दुजराज बिक, नितेश यादव 'ए', कर्ण बहादुर बिक, पप्पु यादव 'बि', सुमन चौधरी, सुदीप खत्री, शिव दास, भीम यादव, संजीव मण्डल, पप्पु यादव 'ए', निरज यादव 'ए', महानन्द यादव, मोहम्मद तौफिक, प्रियांशु कर्ण, अजय यादव, सुशान्त देव, मोहम्मद सोहेल, सन्दीप यादव र विजय यादव छन् ।

बन्द प्रशिक्षणबाट यही माघ २१ गते देखि हुन गईरहेको प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिताको लागि मधेश प्रदेश प्रादेशिक क्रिकेट टुर्नामेन्टमा सप्तरी जिल्ला क्रिकेट सिनियर टिम सहभागिता जनाउने संघका सचिव चन्दनकुमार यादवले जानकारी दिए ।

## मधेस प्रदेशका ...

गरिएका छन् । त्यसको अनुगमन तथा सुरक्षाका उपायबारे योजनाबद्ध काम भइरहेको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कमल थापाले बताउनुभयो ।

बिहीबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा मधेस प्रदेशमा प्रतिनिधिसभाका लागि ३२ वटा निर्वाचन क्षेत्र रहेकामध्ये ७५५ मतदानस्थल संवेदनशील र १५९ मतदानस्थल सामान्य रहेको जानकारी दिइएको छ । मधेस प्रदेशमा कुल चार हजार ४७१ मतदान केन्द्र छन् । विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी एक हजार २८ जना उम्मेदवार छन् ।

मधेस प्रदेशमा ३५ लाख १७ हजार १२३ मतदाता छन् । जसमा पुरुषको सङ्ख्या १९ लाख पाँच हजार ८१९ र महिलाको सङ्ख्या १६ लाख ११ हजार ३०४ रहेको जनाइएको छ ।

# भारतको गणतन्त्र दिवसको अवसर पारेर गरिब असहायलाई सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, १५ माघ ।**

न्यानो कपडाको जोहो गर्न नसकेका २० जना गरिव, असहाय, असक्त, एकल महिला तथा जेष्ठ नागरिकले कम्बल प्र०स्दान गरिएको छ ।

मित्रराष्ट्र भारतको ७७ औं गणतन्त्र दिवसको अवसर पारेर बिहीबार नेपाल-भारत मैत्री संघ सप्तरी शाखाले आयोजना गरेको एक कार्यक्रममा २० जना गरिव, असहायले कम्बल प्राप्त गरेका हुन् ।

संघका शाखा अध्यक्ष मनोज मुन्धडाको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव, पत्रकार मनोजकुमार माझी, ओमप्रकाश साह, नेपाल-भारत मैत्री संघका सदस्यद्वय अरविन्द यादव, भोगेन्द्र मिश्र, समाजसेवी अंगद साह लगायतले नेपाल-भारत मैत्री संघको तर्फबाट कम्बल वितरण गरेका थिए ।

सो अवसरमा आयोजक संस्थाका अध्यक्ष मुन्धडाले गरिव, असहायको जिवनस्तरमा सुधारका लागि यस्ता सहयोग र विगतमा गर्दै आएको सीपमूलक तालिम लगायतका कार्यक्रमहरु भविष्यमा समेत निरन्तरता पाउने प्रतिवद्धता जनाएका थिए ।

# वडा कार्यालयद्वारा फाइबर सिरक बितरण



**दैनिक समाचारदाता**
**राजविराज, १५ माघ ।**

राजविराज वडा नं. ८ को कार्यालयले बिहीबार वडा भित्रका ज्येष्ठ नागरिक, महिला, अपाङ, असशक्त व्यक्तिहरुलाई फइबर सिरक बितरण गरेको छ ।

एक कार्यक्रमबीच वडा अध्यक्ष जयनारायण मण्डलले वडा भित्रका २ सय २५ जना ती व्यक्तिहरुलाई फइबर सिरक बितरण गरेका हुन् ।

विपद् व्यवस्थापन कोष अन्तरगत उक्त सिरक त्यस्ता व्यक्तिहरुलाई बितरण गरिएको उनको भनाई छ ।

# निर्वाचनमा नेपालमै उत्पादित सामग्री प्रयोग गर्ने आयोगको नीति

काठमाडौं, १५ माघ (रासस) ।

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सकेसम्म नेपालमै उत्पादित सामग्री प्रयोगको नीति लिएको छ ।

निर्वाचनलाई मितव्ययी, पारदर्शी बनाउन र स्थानीय सामग्रीको प्रयोग तथा प्रोत्साहनका लागि आयोगले सकेसम्म नेपालमै उत्पादित सामग्री प्रयोगको नीति लिएको हो ।

निर्वाचनका लागि कुल ५१ सामग्री प्रयोग हुने र हाल ३७ प्रकारका सामग्री विकेन्द्रीकृत रूपमा प्रदेश र जिल्लाबाट खरिद भई प्रयोग गराउने गरी प्रबन्ध गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

केन्द्रस्तरबाट १४ प्रकारका सामग्री खरिद हुने र अधिकांश खरिदका लागि 'जिटुजी' अवधारणाअनुसार साल्ट ट्रेडिङ कम्पनीलाई जिम्मेवारी दिइएको छ । निर्वाचनका लागि रु छ करोड ७५ लाखको मात्र नयाँ सामग्री खरिद गरिएको र अन्य सामग्री पुरानै (स्टक) लाई पुनः प्रयोगमा ल्याइएको उहाँले बताउनुभयो ।

आगामी फागुन २१ गते हुने निर्वाचनका लागि उम्मेदवारीको मनोनयनपत्र दर्ता, दाबी विरोध र निर्वाचन चिह्न प्रदानको कार्यक्रम सम्पन्न भइसकेको छ ।

## राजविराज नगरपालिका

८ नं. वडा कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२ मिति: २०८२/१०/१५
चलानी नम्बर: ५०८

सुचना । सुचना । । सुचना ।

**विषय -सुचना सम्बन्धमा**

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा५ परिवर्तित वडा नं ८ बस्ने स्व लक्ष्मी बहादुर भुजेल को बुहारी निर्मल कुमार वि सी को श्रीमती उषा देवी भुजेल यस वडा कार्यालयमा उपस्थित भई निवेदन दर्ता गरी मेरो पति स्व.निर्मल कुमार वि सी को नाउमा कायम रहेका जग्गा म सवैभन्दा नजिक एक मात्र पत्नी हक आपुताली खाने अन्सियार भएको हुदाँ जग्गा नामसारी गरी पाउ भन्नी निवेदन रहेको मा स्व.निर्मल कुमार वि सी को मिति २०७४/०४/०३गते आफ्नो कालगती ले मृत्यु भएको निज मृतक एक मात्र पत्नी उषा देवी भुजेल सवैभन्दा नजिक को हक आपुताली खान रहेका जग्गा निवेदक को नाउमा नामसारी को लागि माग दावी रहेको हुदाँ यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हक अंश लाग्ने अन्सियार लागत हक पुग्ने व्यक्ति ले आ-आफ्नो सवुत प्रमाण लिई म्याद भित्र उजुरी गर्न आउनु होला अन्यथा यो सुचना म्याद समाप्त भई गएमा पछि कोहि कसै को कुनै उजुरी लाग्ने छैन भन्नी स्थानीय सरकार संचालन ऐन मालपोत को नाम मा सिफारिस भई कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ ।

तपसिल

| जिल्ला | गा.वि.स/न.पा | वडा नं | कि.नं. | क्षे.फ |
| --- | --- | --- | --- | --- |
| सप्तरी | राजविराज | ५क | २४७१ | ०-०-१७.५ |
| " | " | ५ क | २४७० | ०-०-१७.७५ |


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*